बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड:-९ संख्या -४ मितिः२०८३ बैशाख ३१ बिहिबार

भाग-२

# बडीमालिका नगरपालिका कबडहल (इनडोर खेलकुद भवन) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ।

आज्ञाले,
लोकराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावना**

बाजुरा जिल्ला बडिमालिका नगरपालिका स्थित जिल्ला खेलकुद विकास कार्यालय मातहत रहेको कबडहललाई प्रभावकारी सञ्चालन, व्यवस्थापन, संरक्षण तथा खेलकुद विकास नीति अनुरूप दिगो रूपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद–१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "कबडहल (इनडोर खेलकुद भवन) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

यस कार्यविधिमा–

(क) "नगरपालिका" भन्नाले बडिमालिका नगरपालिका सम्झनुपर्छ।

(ख) "कबडहल" भन्नाले इनडोर खेलकुद भवन सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले कबडहल निर्देशक तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(घ) "खेलाडी" भन्नाले कबडहल प्रयोग गर्ने व्यक्ति वा समूह सम्झनुपर्छ।

(ङ) "कर्मचारी" भन्नाले कबडहल सञ्चालनका लागि नियुक्त कर्मचारी वा सहयोगी सम्झनुपर्छ।

## परिच्छेद–२

**उद्देश्य**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

१. कबडहलको संरक्षण, व्यवस्थापन तथा दिगोपन सुनिश्चित गर्नु।

२. स्थानीय खेल प्रतिभा विकास गर्नु।

३. अनुशासित तथा सुरक्षित खेल वातावरण निर्माण गर्नु।

४. खेलकुद गतिविधिलाई व्यवस्थित र प्रभावकारी बनाउनु।

५. पारदर्शी राजस्व व्यवस्थापन गर्नु।

## परिच्छेद–३

**निर्देशक तथा व्यवस्थापन समिति**

**४. निर्देशक तथा व्यवस्थापन समिति गठन**

कबडहलको नीति निर्देशन, सञ्चालन, व्यवस्थापन तथा अनुगमनका लागि देहाय बमोजिम ५ सदस्यीय समिति गठन गरिनेछः

१. नगर प्रमुख – अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

३. नगर स्तरीय खेलकुद विकास समिति अध्यक्ष – सदस्य

४. नगर प्रमुखबाट मनोनित स्थानीय खेलाडी १ जना – सदस्य

५. जिल्ला खेलकुद प्रमुख – सदस्य सचिव

**५. समितिको काम, कर्तव्य र अधिकार**

१. कबडहल सञ्चालन सम्बन्धी नीति निर्देशन दिने।

२. वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने।

३. शुल्क तथा व्यवस्थापन सम्बन्धी निर्णय गर्ने।

४. खेलकुद कार्यक्रम तथा प्रतियोगिता आयोजना गर्ने।

५. अनुगमन तथा मूल्यांकन गर्ने।

६. मर्मत सम्भारका लागि सिफारिस गर्ने।

७. खेल सञ्चालन समय निर्धारण गर्ने।

## परिच्छेद–४

### शुल्क तथा समय सम्बन्धी व्यवस्था

**६. सञ्चालन समय**

(१) दैनिक सञ्चालन समयः

- बिहानः ५:३० बजे देखि ९:३० बजेसम्म
- साँझः ६:०० बजे देखि ८:३० बजेसम्म

(२) आवश्यक परे समितिले विशेष समय निर्धारण गर्न सक्नेछ।

**७. कबडहल सञ्चालन कोष**

**(क) कोष सम्बन्धी व्यवस्था**

कबडहल सञ्चालनका लागि छुट्टै "कबडहल सञ्चालन कोष" स्थापना गरिनेछ।

देहायका शीर्षकबाट प्राप्त रकम कोषमा जम्मा गरिनेछः

- दैनिक तथा मासिक शुल्क रकम
- सदस्यता तथा नविकरण शुल्क
- प्रतियोगिता तथा टिम दर्ता दस्तुर
- सरकारी अनुदान रकम
- स्वदेशी तथा विदेशी सहयोग रकम
- अन्य वैधानिक आम्दानी

**(ख) ब्याडमिन्टन कोर्ट शुल्क**

१. दैनिक प्रतिव्यक्ती कोर्ट फी – रु. १००।–

२. मासिक सदस्यता शुल्क – रु. १,२००।– प्रति व्यक्ति

३. सदस्यता तथा नविकरण शुल्क – रु. ५००।– वार्षिक

**(ग) प्रतियोगिता तथा टिम दर्ता शुल्क**

विभिन्न संघसंस्था, क्लब, शैक्षिक संस्था तथा खेलाडी टोलीहरूले खेलकुद प्रतियोगितामा सहभागी हुन कबडहल प्रयोग गरेबापत रु. १,००० सम्म समितिले निर्धारण गरेबमोजिम शुल्क लिन सकिनेछ।

**(घ) खेल सम्बन्धी व्यवस्था**

१. मासिक शुल्क अग्रिम भुक्तानी गर्नुपर्नेछ।

२. समयभन्दा बढी प्रयोग गरेमा अतिरिक्त शुल्क लाग्नेछ।

३. शुल्क आधिकारिक रसिदमार्फत संकलन गरिनेछ।

४. संकलित रकम कबडहल सञ्चालन कोषमा जम्मा गरिनेछ।

५. दैनिक खेलाडीले एक दिनमा अधिकतम २ पटक मात्र खेल्न पाउनेछन्।

६. मासिक सदस्यलाई प्राथमिकता दिइनेछ।

७. खेल समाप्त भएपछि तुरुन्त कोर्ट खाली गर्नुपर्नेछ।

८. शुल्क नबुझाई खेल्न पाइने छैन।

**(ङ) अन्य खेल**

टेबलटेनिस, चेस, क्यारेम लगायत अन्य खेलका लागि समितिको सिफारिस तथा नगर कार्यपालिकाको स्वीकृतिमा शुल्क निर्धारण गरिनेछ।

## परिच्छेद–५

### कर्मचारी व्यवस्थापन

(१) कबडहल सञ्चालनका लागि १ जना कर्मचारी करारमा नियुक्त गरिनेछ।

(२) कर्मचारीको जिम्मेवारीः

- सरसफाइ

• विद्युत तथा सुरक्षा निगरानी
• अभिलेख सहयोग

## परिच्छेद–६

### अनुशासन

### खेलाडीले पालना गर्नुपर्ने आचारसंहिता

१. सभ्य तथा अनुशासित व्यवहार गर्नुपर्नेछ।
२. तोकिएको समय अनुसार मात्र खेल्नुपर्नेछ।
३. कार्पेटमा अनिवार्य रूपमा Indoor/Game Shoes प्रयोग गर्नुपर्नेछ।
४. चप्पल, बाहिरी जुत्ता तथा Hard Sole जुत्ता प्रयोग गर्न पाइने छैन।
५. खेलस्थल सफा राख्नुपर्नेछ।
६. धूम्रपान, मदिरा तथा नशालु पदार्थ प्रयोग निषेध हुनेछ।
७. झगडा, विवाद तथा अशोभनीय व्यवहार गर्न पाइने छैन।
८. खेल सामग्री वा संरचनामा क्षति पुऱ्याएमा क्षतिपूर्ति तिर्नुपर्नेछ।
९. आफ्नो सामानको सुरक्षा स्वयं गर्नुपर्नेछ।
१०. खेल समाप्तिपछि सामग्री व्यवस्थित राख्नुपर्नेछ।

## परिच्छेद–७

### मर्मत सम्भार कोष

१. कुल आम्दानीको न्यूनतम २५% रकम मर्मत सम्भार कोषमा राखिनेछ।
२. समितिको सिफारिसमा मर्मत कार्य गरिनेछ।

## परिच्छेद–८

### अनुगमन तथा प्रतिवेदन

१. त्रैमासिक आय–व्यय विवरण पेश गर्नुपर्नेछ।
२. नगरपालिका मार्फत अनुगमन गरिनेछ।

## परिच्छेद–९

### विविध

यस कार्यविधिमा उल्लेख नभएका विषय नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

### स्वीकृति खण्ड

यो कार्यविधि बडिमालिका नगरपालिका १७ औं नगर सभा (अधिवेशन) २०८२ पौष २९ गतेको सभाबाट पारित भई लागू गरिएको प्रमाणित गरिन्छ ।